नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र


खण्डः ५ संख्याः ९० मितिः २०८३।०४।०३ गते


## भाग — १

## नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३


सभामा पेश मितिः२०८३।०३।३० गते

सभाबाट पारित मितिः२०८३।०३।३० गते

प्रमाणिकरण मितिः२०८३।०४।०१ गते

राजपत्रमा प्रकाशित मितिः२०८३।०४।०३ गते


प्रस्तावनाः नौगाड गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने नागरिकहरुको सदाचार, सामाजिक आचरण, सु-स्वास्थ्य, शान्ति सुव्यवस्था, अमनचैन तथा आर्थिक हित कायम राख्नको लागि गाउँपालिका क्षेत्रभित्र मदिरा तथा सूर्तिजन्य वस्तुको वेचविखन,उपभोग, नियन्त्रण, अनुगमन र नियमन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) ले दिएको अधिकार प्रयोग गरी नौगाड गाउँपालिकाको गाउँ सभाले यो ऐन तर्जुमा गरी लागु गरेको छ ।


नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले नौगाड गाउँपालिका सम्झनु पर्छ ।

(ख) "वडा" भन्नाले नौगाड गाउँपालिका अन्तर्गतका वडालाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले नौगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ र यो शब्दले, वडा कार्यालय समेत जनाउँछ ।

(घ) "निकाय" भन्नाले प्रचलित कानून बमोजिम गठित प्रशासनिक तथा राजस्वसँग सम्वन्धित निकायलाई सम्झनु पर्दछ ।

(ङ) "शाखा" भन्नाले नौगाड गाउँपालिका अन्तर्गत रहेको उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाई सम्झनु पर्छ।

(च) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शव्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिंट र हेड्स स्प्रिट समेतलाई सम्झनु पर्छ ।

(छ) "सूर्तिजन्य वस्तु" भन्नाले धुम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, विंडी, सिगार, तमाखु, सुल्फा, कङ्कड, हुक्का, कच्चा सूर्ती, खैनी, सुर्ति वा यस्तै प्रकारका सूर्तिजन्य वस्तु सम्झनु पर्छ ।

(ज) "गुट्खा" भन्नाले प्लाष्टिकमा प्याक गरिएका कच्चा सूर्ती, खैनी, गुट्खा, पानपराग वा यस्तै प्रकृतिका मुखमा राख्ने रस लिने सूर्तिजन्य वस्तु सम्झनुपर्छ ।

(झ) "सूर्ती सेवन" भन्नाले सूर्तिजन्य वस्तु मुखमा राख्ने, त्यस्तो वस्तुको नसा लिने वा सेवन गर्ने काम सम्झनुपर्छ ।

(ञ) "धुम्रपान" भन्नाले चुरोट, विंडी, सिगार, तमाखु, सुल्फा, कङ्कड, हुक्का, सूर्ति वा यस्तै प्रकारका अन्य वस्तुको धुँवा सेवन गर्ने काम सम्झनु पर्छ ।

(ट) "मदिरा उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

(ठ) "अनुमति पत्र" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारको सम्वन्धित निकायबाट सूर्तिजन्य वस्तु वा मदिरा उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ड) "घरेलु मदिरा" भन्नाले घरेलु सामग्री, कच्चा पदार्थहरू प्रयोग गरी नेपाल सरकारको मापदण्ड पूरा नगरी तयार पारिएको मदिरा सम्झनु पर्छ ।

(ढ) "मूल समिति" भन्नाले मदिरा तथा सूर्ति जन्य वस्तुको नियन्त्रण र नियमन गर्न गठन भएको गाउँपालिका स्तरीय समिति सम्झनु पर्छ ।

(ण) "वडा स्तरीय समिति" भन्नाले मदिरा तथा सूर्तिजन्य वस्तुको नियन्त्रण र नियमन गर्न गठन भएको वडा स्तरीय समिति सम्झनु पर्छ ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

# परिच्छेद २

## समिति गठन सम्बन्धी व्यवस्था

**३. मूल समिति :** मदिरा तथा सूर्तिजन्य बस्तुको बिक्री वितरण तथा उपभोगको नियन्त्रण, नियमन र व्यवस्थापन गर्न देहायको मूल समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सह-संयोजक

(ग) सुशासन तथा संस्थागत क्षमता विकास समिति संयोजक — सदस्य

(घ) सामाजिक विकास समिति संयोजक — सदस्य

(ङ) कार्यपालिकाले तोकेको दुई जना महिला कार्यपालिका सदस्य — सदस्य

(च) दलित समुदायको संगठनको अध्यक्ष वा प्रतिनिधि — सदस्य

(छ) नेपाल प्रहरी प्रशासनको स्थानीय प्रमुख — सदस्य

(ज) स्थानीय उद्योग वाणिज्य महासंघको अध्यक्ष वा प्रतिनिधि — सदस्य

(झ) होटल व्यवसायी संघको अध्यक्ष वा प्रतिनिधि — सदस्य

(ञ) गाउँपालिका युवा परिषद् अध्यक्ष — सदस्य

(ट) गाउँ प्रहरी संगठनको प्रमुख वा प्रतिनिधि — सदस्य

(ठ) गाउँपालिका भित्र कृयाशील संघ संस्थाका प्रतिनिधिहरूमध्येबाट कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना — सदस्य

(ड) गाउँपालिकामा रहेका सामुदायिक विद्यालयका अध्यक्ष र प्र.अ. मध्ये संयोजकले मनोनित गरेका १/१ जना गरी २ जना — सदस्य

(ढ) गाउँपालिकामा क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका प्रमुख वा प्रतिनिधि — सदस्य

(ण) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन २०८३

**४. मूल समितिको काम, कर्तव्य र अधिकारः** मूल समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मदिराको अव्यवस्थित विक्री वितरणलाई व्यवस्थित गरी गाउँपालिकामा हुने विकृति, विसङ्गतीलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

(ख) वडा स्तरीय समितिलाई आवश्यक सहयोग र निर्देशन दिने ।

(ग) मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस ऐनलाई कडाइका साथ लागु गर्ने गराउने ।

(घ) यो ऐन विपरीत मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गराउने ।

(ङ) मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री, वितरण, व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन तथा नियन्त्रण योजना बनाउने ।

(च) समय समयमा मदिरा तथा सूर्तिजन्य वस्तु विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने, गराउने र मदिरा तथा सूर्तिजन्य वस्तुको लत छुटाउन आवश्यक व्यवस्था गर्ने ।

(छ) आवश्यकता अनुसार विशेष अभियान सञ्चालन गर्ने, गराउने ।

(ज) अनुगमन समितिलाई आवश्यक सहयोग गर्ने ।

(झ) वडा स्तरीय समितिको काम कारवाहीको अनुगमन गर्ने, गराउने ।

**५. अनुगमन समिति** : मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री, वितरण, व्यवस्थापन र उपभोगको अनुगमन गर्ने जिम्मेवारी गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको रहनेछ ।

**६. अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस ऐनको पूर्ण परिपालनाको सुनिश्चितता गर्ने ।

(ख) अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि मूल समितिमा पेश गर्ने ।

(ग) स्वीकृत कार्य योजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने ।

(घ) यस ऐन विपरीत मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री, वितरण, सेवन भएको, नभएको यकिन गर्ने ।

(ङ) यस ऐन विपरीत मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री, वितरण, सेवन भएको भए ऐन बमोजिम कारवाही तथा जरिवाना गर्ने ।

(च) अनुगमन समितिले अनुगमनका क्रममा सहयोग र सुरक्षाको लागि यस गाउँपालिकाका स्थित नेपाल प्रहरी र गाउँ प्रहरीलाई साथै लिएर अनुगमन जान सक्नेछन् ।

**७. वडा स्तरीय समिति** : मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री वितरण, सेवनको प्रभावकारी नियन्त्रण र नियमन गर्नका लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय समिति रहनेछ :

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाका वडा सदस्यहरू | सदस्य |
| (ग) वडामा रहेका उच्चतम तहको विद्यालय वालक्लबको अध्यक्ष | सदस्य |
| (घ) स्थानीय प्रहरी प्रशासनको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ङ) वडामा रहेका श्रम सहकारी संस्थाका प्रतिनिधिहरूमध्येबाट वडा समितिले तोकेको एक महिला सहित दुई जना | सदस्य |
| (च) वडा स्तरीय महिला सञ्जालका अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| (छ) सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

**८. वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार** : मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री वितरण तथा उपभोगको नियन्त्रण, नियमन र व्यवस्थापन गर्न वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस ऐन बमोजिम वडामा मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री वितरण तथा सेवन भएको, नभएको अनुगमन गरी सो को जानकारी मूल समितिलाई दिने ।

(ख) यस ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ग) यस ऐनको बिपरित काम गर्नेलाई ऐन बमोजिम जरिवाना गर्ने, गराउने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

(घ) जनचेतनामूलक कार्यक्रमहरू आयोजना र सञ्चालन गर्ने ।

(ङ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

(च) यस ऐन बमोजिम वडा स्तरीय समितिले गर्नुपर्ने कार्य गर्ने ।

(छ) ऐनको कार्यान्वयनका लागि आवश्यक सुझावहरू भए समितिको निर्णय सहित मूल समितिमा लिखित प्रतिवेदन पेश गर्ने ।

**९. श्रम सहकारी संस्थाको काम, कर्तव्य र अधिकारः** गाउँपालिका क्षेत्रमा गठन भएका श्रम सहकारी संस्थाहरूलाई यस ऐनको कार्यान्वयनका क्रममा देहाय बमोजिमको अधिकार हुनेछ :

(क) गाउँपालिका क्षेत्र भित्र यस ऐनको पूर्ण परिपालनाको सुनिश्चितता गर्ने ।

(ख) कार्य क्षेत्रभित्र मदिरा तथा सूर्तिजन्य वस्तुको विक्री वितरण तथा उपभोगमा यस ऐन बमोजिम नियन्त्रण र निषेध गर्ने ।

(ग) श्रम सहकारी संस्थाका पदाधिकारीहरुले यस ऐन विपरीत कार्य भएको जानकारी पाएमा वडा स्तरीय समितिलाई जानकारी दिने, र समितिको निर्णयानुसार जरिवाना गराउन सक्नेछ ।

(घ) वडा स्तरीय समितिसँग समन्वय गरी मदिरा तथा सूर्तिजन्य वस्तु विरुद्ध सचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने ।

(ङ) मदिरा सेवन गरेको अवस्थामा श्रम सहकारीले गर्ने कुनै पनि विकास निर्माणका कार्यहरुमा त्यस्ता व्यक्तिलाई सहभागी नगराउन सक्नेछ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ३

## सूचीकरण सम्बन्धी व्यवस्था

**१०. सूचीकरण गर्नुपर्ने** : (१) कुनै व्यक्तिले गाउँपालिका क्षेत्रमा मदिरा उत्पादन वा विक्री गर्ने व्यवसाय वा सूर्तीजन्य वस्तुको थोक विक्री गर्ने व्यवसाय गर्न चाहेमा सम्बन्धित निकायमा दर्ता भई त्यस्तो व्यवसाय गाउँ कार्यपालिकाको कार्यालयमा समेत सूचीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भएपनि मदिरा उत्पादन तथा विक्री गर्ने अधिकार प्राप्त निकायबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचीकृत हुन आउने व्यवसायलाई यस ऐन बमोजिमका शर्तको अधिनमा रही अनुसूची-१ बमोजिमको सूचीकरण प्रमाण पत्र प्रदान गरिनेछ ।

(४) यस ऐन जारी हुँदाको बखत यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा आएका मदिरा व्यवसाय र सूर्तिजन्य वस्तुको थोक विक्री गर्ने व्यवसायलाई दफा १० बमोजिम सूचीकरण गर्न कार्यालयले सूचना आह्वान गर्नेछ ।

(५) सूचना आह्वान भएको मितिले बढीमा ४५ दिनभित्र हाल सञ्चालनमा रहेका व्यवसायले समेत गाउँपालिकामा सूचीकृत हुनुपर्नेछ ।

(६) पर्यटकीय स्थल यकिन गरी दफा १५ को उपदफा (४) बमोजिमको मदिरा विक्री गर्ने समय समेत स्पष्ट तोकेर सूचीकरण प्रमाणपत्र प्रदान गरिनेछ ।

(७) सम्बन्धित निकायमा दर्ता नभएका र सूचीकृत हुन नआएका व्यवसायीहरूलाई गाउँपालिकाले यस ऐनमा तोकिए बमोजिम दण्ड तथा सजाय गर्न सक्नेछ ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

## परिच्छेद ४

## मदिरा उत्पादन तथा विक्री वितरणमा नियन्त्रण सम्बन्धी व्यवस्था

**१४. घरेलु मदिरा उत्पादन सम्बन्धी व्यवस्था** : (१) घरेलु मदिरा उत्पादन सम्बन्धमा संघीय वा प्रदेश स्तरमा कुनै नीति तथा कानुन नबने सम्म घरेलु मदिरा उत्पादन गर्न पाइने छैन ।

(२) कानुन बमोजिम बाहेक घरेलु मदिरा उत्पादन भएको पाइएमा प्रचलित कानून बमोजिम दण्ड तथा सजाय हुनेछ ।

**१५. मदिरा विक्री वितरण:** (१) मदिराको विक्री वितरण गर्दा सामाजिक सद्भाव, शान्ति सुव्यवस्था, अमन चयन खल्बलिन नहुने, घरेलु हिंसा, समाजमा झगडा नहुने, शान्ति कायम हुने गरी देहाय बमोजिमका व्यवस्थाहरू अवलम्बन गरेर मात्र गर्नुपर्नेछ ।

(क) कुनै पनि व्यवसायी वा पसलले घरेलु मदिरा विक्री वितरण गर्न पाइने छैन ।

(ख) १८ वर्षभन्दा कम उमेरका बालबालिका, गर्भवती र सुत्केरी महिलालाई मदिरा विक्री, वितरण गर्न गराउन पाइने छैन ।

(ग) उपदफा (ख) बमोजिमको प्रयोजनको लागि विक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र विक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(२) गाउँपालिकामा सूचीकृत व्यवसायीले गाउँपालिका क्षेत्रभित्र मदिरा विक्री गर्दा देहाय बमोजिमको समयमा मात्र गर्नुपर्नेछ :

(क) होल सेल विक्रेताले विहानको १०:०० बजे देखि राति ८:०० बजे सम्म,

(ख) खुद्रा विक्रेताले - दिनको ५:०० बजे देखि राति १०:०० बजे सम्म,

(ग) विर्को खोली विक्री गर्ने विक्रेताले साँझ ५:०० बजे देखि राति १०:०० बजे सम्म

तर यस ऐनको दफा ३२ बमोजिमका पर्यटकीय क्षेत्रमा यो उपदफा लागु हुने छैन ।

(३) विद्यालय पोशाकमा रहेका विद्यार्थीहरूलाई कुनै पनि समयमा मदिरा विक्री गर्न पाइने छैन ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

(४) सरकारी कार्यालय र विद्यालय परिसरको १०० मिटर वरपर कुनै पनि मदिरा पसल सञ्चालन गर्न पाइने छैन ।

(५) सार्वजनिक स्थान, स्वास्थ्य संस्था, धार्मिक स्थल, पुस्तकालय, सरकारी कार्यालय वा सार्वजनिक महत्वको क्षेत्रलाई लक्षित गरेर कुनै पनि मदिरा पसल खोल्न वा विक्रि वितरण गर्न पाइने छैन ।

(६) गाउँपालिकामा सूचीकृत व्यवसायीले सूचीकरण हुँदाका बखत तोकिएको स्थानमा मात्र व्यवसाय सञ्चालन गर्न पाइनेछ । स्थान परिवर्तन गर्नुपर्ने भएमा सो को लागि प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी गाउँपालिकामा पुनः सूचीकरण गर्नु पर्नेछ ।

(७) प्रचलित कानून बमोजिम इजाजत पत्र लिई मदिरा बेचविखन गर्ने किराना, खाद्यान्न, तरकारी, मासु, फलफूल पसल लगायतका कुनै पनि पसलबाट मदिरा बेचविखन गर्दा छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(८) मदिरा व्यवसायको स्वीकृति लिएका होटलहरूमा भोजन र आवास कक्ष क्षेत्रमा असर नपर्ने गरी मदिरा सेवनको लागि छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(९) मदिरा विक्रीको अनुमति लिएको व्यवसायीले पसल बाहिर देखिने गरी बोर्ड राख्नु पर्नेछ। त्यसैगरी प्रचलित कानून बमोजिम सम्बन्धित निकायहरूबाट प्राप्त इजाजत पत्रहरू सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(१०) कसैले पनि प्लाष्टिकको पोका (पाउच) वा अन्य प्रयोगमा आइसकेको बोतलमा राखी मदिरा बेचविखन गर्न पाइने छैन ।

(११) कसैले पनि मदिरा प्रति आकर्षण गर्ने उद्देश्यले बाहिरबाट देखिने स्थानमा सजावट गरी मदिरा विक्रीको लागि राख पाउने छैन ।

(१२) मानव स्वास्थ्य प्रति चेतना गराउने सूचना तथा होर्डिङ्ग बोर्ड बाहेक मदिराको प्रचार प्रसार, विज्ञापन र होर्डिङ्ग बोर्ड राख्न पाइने छैन ।

(१३) मदिरा विक्रिवितरणको लागि सम्बन्धित निकायबाट अनुमती प्राप्त गरेको भएता पनि मदिरा भण्डारण तथा विक्रि वितरणको अलग्गै व्यवस्था गर्नु पर्नेछ।

(१४) यस दफामा जुनसुकै व्यवस्था भएता पनि देहायका स्थानहरूमा कुनै पनि प्रकारले मदिरा वेचविखन र सेवन गर्न पाइने छैनः

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

(क) हाटबजार, विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय र पुस्तकालय,

(ख) सार्वजनिक स्थल,

(ग) चोक,

(घ) पर्व मेला,

(ङ) सार्वजनिक कार्यक्रम,

(च) खेलकुद कार्यक्रम,

(छ) गाउँ कार्यपालिकाले निर्णय गरी तोकेको अन्य स्थान ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ५

## सूर्तिजन्य वस्तुको उत्पादन, नियन्त्रण तथा नियमन सम्बन्धी व्यवस्था

**१६. सूर्तिजन्य वस्तुको उत्पादन र विक्री वितरण गर्न निषेध** : (१) गाउँपालिका क्षेत्र भित्र कसैले पनि सूर्तिजन्य वस्तुको उत्पादन वा फुटकर रूपमा चुरोट, विडिं वा सिगारको खिल्ली जस्ता सूर्तीजन्य वस्तु विक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क रूपमा उपलब्ध गराउन पाइने छैन ।

(२) कसैले पनि शिक्षण संस्था, अस्पताल तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सार्वजनिक स्थलमा कुनै पनि प्रकारले सूर्तिजन्य वस्तुको विक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाइने छैन ।

(३) गाउँपालिका क्षेत्रभित्र कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति, गर्भवती र सुत्केरी महिलालाई सूर्तिजन्य वस्तु विक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(४) उपदफा (३) बमोजिमको प्रयोजनको लागि सूर्तीजन्य वस्तुको विक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र विक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(५) विद्यालय पोशाकमा रहेका विद्यार्थीहरूलाई कुनै पनि प्रकारले सूर्तीजन्य वस्तु विक्री गर्न पाइने छैन ।

**१७. गुट्खा विक्री वितरणमा बन्देज** : गाउँपालिका क्षेत्रभित्र कसैले पनि गुट्खा र यस्तै प्रकारका वस्तु कुनै पनि प्रकारले विक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाइने छैन ।

**१८. धुम्रपान तथा सूर्ति सेवन गर्न नहुने** : (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ती सेवन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचीकृत हुँदा पर्यटकीय स्थल हो भनी यकिन भएका स्थान वा होटलमा छुट्टै "स्मोकिङ जोन" कक्षको व्यवस्था गरी अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सूर्ती सेवन गर्न यस दफाले बाधा गरेको मानिने छैन।

(३) उपदफा (२) बमोजिम "स्मोकिङ जोन" को व्यवस्था नगरेसम्म त्यस्तो स्थानमा धूम्रपान र सूर्ति सेवन गर्न पाइने छैन ।

(४) गाउँपालिका क्षेत्रभित्र कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा सवारी साधन भित्र धुम्रपान गर्न पाउने छैन ।

**१९. विज्ञापन तथा प्रायोजन गर्न नपाइने** : (१) उत्पादक तथा वितरक कसैले पनि यस गाउँपालिका भित्र पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ईमेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृष्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाइने छैन।

**२०. प्रदर्शनमा बन्देज** : (१) कसैले पनि सूर्तिजन्य वस्तु प्रति आकर्षण हुने गरी सूर्तिजन्य पदार्थको सजावट गर्न पाउने छैन ।

(२) कसैले पनि सूर्तिजन्य वस्तुको कुनै तरिकाबाट प्रदर्शन गर्न पाउने छैन ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

परिच्छेद ६

## अनुगमन सम्बन्धी व्यवस्था

**२१. अनुगमनको पूर्व तयारीः** (१) निरीक्षण वा अनुगमनमा जानु पूर्व कुन-कुन विषयलाई प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(२) अनुगमनमा जाँदा अनुगमन गरिने विषयसँग सम्बन्धित ऐन, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(३) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

**२२. अनुगमन गर्ने प्रक्रियाः** (१) अनुगमन गर्दा अनुगमनमा खटिने व्यक्तिले आफ्नो परिचय पत्र देखाई अनुगमन गर्नु पर्नेछ ।अनुगमन समितिका संयोजक वा संयोजकले तोकेको सदस्यले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा विरोध गर्ने व्यक्ति वा व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि अनुगमन समिति वा सम्बन्धित शाखा वा कार्यालयले सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(३) अनुगमन टोलीले अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

**२३. जरिवाना र जफत गर्न सक्नेः** (१) यस ऐनमा भएको व्यवस्था विपरीत कार्य गर्ने व्यवसाय र व्यक्तिलाई अनुगमन समितिले सोही समयमा मदिरा र सूर्ति जन्य वस्तु जफत गर्न र जरिवाना असुल गर्न सक्नेछ ।

## परिच्छेद ७

### दण्ड र सजाय सम्बन्धी व्यवस्था

**२४. इजाजत पत्र नलिएका र सूचीकृत नभएका मदिरा व्यवसाय तथा सूर्तीजन्य वस्तुको विक्री गर्ने व्यवसायलाई सजाय :** (१) प्रचलित कानून बमोजिम इजाजत पत्र प्राप्त नगरी र गाउँपालिकामा नियमानुसार सूचीकृत नगरी मदिरा तथा सूर्तिजन्य वस्तुको व्यवसाय सञ्चालन गरिएको पाइएमा एक पटकको लागि वढीमा सात दिनको अवधि राखी चेतावनी दिइनेछ र त्यस्ता व्यवसायीले सात दिन भित्र प्रचलित कानुन बमोजिम इजाजत पत्र लिनुपर्ने र सूचीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि समाप्त भएपश्चात् इजाजत पत्र नलिएका र सूचीकृत नभएका मदिरा तथा सूर्तिजन्य वस्तुको व्यवसायहरूको पुनः अनुगमन गरी त्यस्ता व्यवसायीले मौज्दात राखेको सम्पूर्ण मदिरा र सूर्तिजन्य वस्तु जफत गरि पाँच हजार रुपयाँ जरिवाना साथै सो मदिरा तथा सूर्तिजन्य वस्तुको व्यवसाय गाउँपालिकाले वन्द गर्न वा सो को लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

**२५. घरेलु मदिरा उत्पादन गर्नेलाई हुने सजायः** (१) पहिलो पटकको अनुगमनमा फेला परेका सबै मदिरा जफत गरी नष्ट गर्ने ।

(२) दोस्रो पटकको अनुगमनमा उपदफा (१) बमोजिम साथै एक हजार रुपया जरिवाना गर्ने ।

(३) तेस्रो पटकको अनुगमनमा उपदफा (२) बमोजिम साथै दुई हजार रुपया जरिवाना गर्ने ।

(४) चौथो र सो भन्दा बढी पटकको अनुगमनमा उपदफा (३) बमोजिम साथै दश हजार रुपया जरिवाना गर्ने ।

**२६. घरेलु मदिरा विक्री वितरण गर्नेलाई हुने सजाय :** (१) पहिलो पटकको अनुगमनमा फेला परेका सबै मदिरा जफत गरी नष्ट गर्ने ।

(२) दोस्रो पटकको अनुगमनमा उपदफा (१) बमोजिम साथै पाँच हजार रुपया जरिवाना गर्ने ।

(३) तेस्रो पटकको अनुगमनमा उपदफा (१) बमोजिम साथै दश हजार रुपया जरिवाना गर्ने ।

(४) चौथो र सो भन्दा बढी पटकको अनुगमनमा उपदफा (१) बमोजिम साथै बीस हजार रुपया जरिवाना गर्ने ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

**२७. मदिरा विक्री वितरणमा सजाय :** (१) यस ऐनमा भएको व्यवस्था विपरीत मदिरा विक्री वितरण गर्ने मदिरा व्यवसायीलाई देहाय बमोजिमको

सजाय हुनेछ ।

(क) पहिलो पटकको अनुगमनमा एक हजार रुपया जरिवाना गर्ने ।

(ख) दोस्रो पटकको अनुगमनमा दुई हजार रुपया जरिवाना गर्ने ।

(ग) तेस्रो र सो भन्दा बढी पटकको अनुगमनमा मौज्दातमा रहेका सम्पूर्ण मदिरा जफत गरी दश हजार रुपया जरिवाना गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई मदिरा विक्री वितरण गरेको वा गर्न लगाएको वा निःशुल्क वितरण गरेको प्रमाणित भएमा प्रत्येक पटक र पाँच हजार रुपया जरिवाना गर्ने ।

**२८. सूर्तिजन्य वस्तुको विक्री वितरणमा हुने सजाय :** (१) यस ऐनमा भएको व्यवस्था विपरीत सूर्तिजन्य वस्तु, गुट्खा र यस्तै प्रकारका वस्तुको विक्री वितरण गर्ने लाई देहाय बमोजिमको सजाय हुनेछ :

(क) पहिलो पटकको अनुगमनमा फेला परेका सबै सूर्तिजन्य वस्तु, गुट्खा र यस्तै प्रकारका वस्तु जफत गरी नष्ट गर्ने ।

(ख) दोस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै एक हजार रुपया जरिवाना गर्ने ।

(ग) तेस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै दुई हजार रुपया जरिवाना गर्ने ।

(घ) चौथो र सो भन्दा बढी पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै दश हजार रुपया जरिवाना गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई सूर्तिजन्य वस्तु विक्री वितरण गरेको वा गर्न लगाएको वा निःशुल्क वितरण गरेको प्रमाणित भएमा प्रत्येक पटक पाँच हजार रुपया जरिवाना गर्ने ।

**२९. धूम्रपान तथा सूर्ति सेवन गर्नेलाई हुने सजाय :** यस ऐनमा भएको व्यवस्था विपरीत धूम्रपान तथा सूर्तिसेवन गर्ने व्यक्तिलाई देहायको सजाय हुनेछ :

(१) पहिलो पटकमा एक हजार रुपया जरिवाना गर्ने ।

(२) दोस्रो पटकमा दुई हजार रुपया  जरिवाना गर्ने।

(३) तेस्रो र सो भन्दा बढी पटकमा दश हजार रुपया  जरिवाना गर्ने।

**३०. जरिवाना दोब्बर हुने** : कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा कर्मचारी वा शिक्षकले यस ऐन विपरीत मदिरा उपभोग वा धुम्रपान वा सूर्तीसेवन गरेको पाइएमा यस ऐनमा लेखिएको जरिवानाको दोब्बर जरिवाना गरिनेछ ।

**३१. जरिवाना तिर्न आनाकानी गर्नेलाई  हुने  सजायः**

**(१) व्यवसायीलाई  हुने  सजायः**

(क) गाउँपालिका मार्फत उपलब्ध हुने सम्पूर्ण सेवा सुविधा रोक्का गर्ने  ।

(ख) गाउँपालिकाले तोकेको म्यादभित्र जरिवाना नतिर्ने व्यवसायलाई उक्त जरिवानामा वार्षिक दश प्रतिशत व्याज लगाई असुल गर्ने  ।

**(२) व्यक्तिलाई सजायः**

(क) गाउँपालिका र वडा कार्यालयबाट प्रदान हुने सबै प्रकारका सेवा, सुविधा र सिफारिस बन्द गरिनेछ ।

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ८

## विविध

**३२. पर्यटकीय क्षेत्र सम्बन्धी व्यवस्था** : (१) यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाले निर्णय गरी सम्भावित क्षेत्रलाई पर्यटकीय क्षेत्र भनी निर्धारण गर्नेछ ।

(२) गाउँपालिका क्षेत्र भित्र सञ्चालन भएका होटल व्यवसायीहरुलाई सूचीकरण हुँदा पर्यटकीय क्षेत्रभित्र पर्ने हो होइन भनी सूचीकरण प्रमाण पत्रमा स्पष्ट उल्लेख गरी प्रमाण पत्र प्रदान गर्नेछ ।

**३३. विशेष अभियान सञ्चालन** : (१) यस ऐन लागू भए पश्चात् पालिका स्तरीय समितिको निर्णय गरी मदिरा तथा सूर्ति जन्य वस्तुले गर्ने हानी र ऐन बमोजिमका प्रावधानहरू गाउँ वासीलाई जानकारी गराउने उद्देश्यले विशेष अभियान सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान वर्षमा कम्तीमा दुई पटक र आवश्यकता अनुसार कार्यालयले सञ्चालन गर्न, गराउन सक्नेछ ।

(३) विशेष अभियान सञ्चालनको क्रममा विपन्न नागरिक, श्रमिक र नसाको लत लागेका सम्भावित व्याक्तिहरुको स्वास्थ्य परीक्षण गर्न, गराउन सकिनेछ ।

(४) यस ऐन बमोजिम पहिलो पटक अनुगमनमा जानु पूर्व सबै गाउँवासी र व्यवसायीलाई सूचना प्राप्त हुने गरी गाउँ कार्यपालिकाको कार्यालयले सूचना प्रकाशन, प्रसारण गर्नेछ ।

(५) मदिरा र सूर्ति जन्य पदार्थ सेवन विरुद्धको सचेतनाका लागि कार्यालयले आवश्यकता अनुसार स्टिकर, व्याच, होर्डिङ्ग बोर्ड जस्ता सचेतनामूलक सामग्री तयार गरी प्रयोगमा ल्याउन सक्नेछ ।

**३४. बोतल व्यवस्थापनमा समन्वय** : मदिरा उपभोगबाट सङ्कलन भएका खाली बोतल व्यवस्थापनका लागि गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका होटल व्यवसायी र सम्बन्धित डिलरहरूसँग आवश्यक समन्वय गर्नेछ ।

**३५. जफत भएको मदिरा तथा सूर्तिजन्य वस्तुको व्यवस्थापन** : (१) यस ऐनको कार्यान्वयनको क्रममा जफत भएको मदिराको उपभोग्यतालाई मध्यनजर गरी गाउँपालिकाले आवश्यकता अनुसार नष्ट गर्न वा लिलाम विक्री गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको क्रममा जफत भएको सूर्तिजन्य वस्तु कार्यालयले नष्ट गर्नेछ ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

(३) यस दफा बमोजिम मदिरा वा सूर्ति जन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको लिलाम विक्रीबाट प्राप्त भएको रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिनेछ ।

**३६. कानूनको परिपालनाः** यस ऐन तथा यस ऐन बमोजिम तर्जुमा भएका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डको पालना गर्नु सम्पूर्ण गाउँ वासी र प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ ।

**३७. नियम बनाउन सकनेः** यस ऐनको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**३८. संशोधन तथा अमान्य हुने :**

(१) यस ऐनको समय सापेक्ष कार्यान्वयनका लागि गाउँसभाले यस ऐनमा आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) यस ऐनमा व्यवस्था भएका कुनै प्रावधान सङ्घीय वा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची -१

### दफा १० को उपदफा (२) सँग सम्बन्धित

### सूचीकरण प्रमाण पत्र

मिति २०............ मा .....मा दर्ता भएको श्री.........................................लाई यस गाउँपालिका क्षेत्रभित्र देहायका शर्तको अधिनमा रही मदिराजन्य / सूर्तिजन्य वस्तुको विक्री वितरण गर्नको लागि नौगाड गाउँपालिकामा मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३ बमोजिम सूचीकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

पर्यटकीय क्षेत्रभित्र पर्ने व्यवसाय हो ☐ होइन ☐

शर्तहरू :

१. नौगाड गाउँपालिकामा मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३ को दफा १५, १६, १७, १८, १९ र २० मा व्यवस्था भए बमोजिमका प्रावधानहरूको पूर्ण पालना गर्नु पर्नेछ ।

२. अनुगमनमा आएको टोलीलाई सहयोग गर्नु पर्नेछ ।

३. पर्यटकीय क्षेत्रभित्र पर्ने व्यवसायी नभएको हकमा देहायको समय बाहेक अन्य समय मदिरा विक्री वितरण गर्न पाइने छैन :

(क) होल सेल विक्रेताले विहानको १०:०० बजेदेखि राति ८:०० बजेसम्म,

(ख) खुद्रा विक्रेताले - दिनको ५:०० बजेदेखि राति १०:०० बजेसम्म,

(ग) विर्को खोली विक्री गर्ने विक्रेताले साँझ ५:०० बजेदेखि राति १०:०० बजेसम्म ।

सूचीकरण भएको मिति :

सूचीकृत गर्ने अधिकारीको

दस्तखत:

नामः

पदः

आज्ञाले,

पुष्कर सिह धामी

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिकाको मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८३